म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १४६ शुक्रबार २० पुस २०८० ने. सं. ११४४ थिल्लागा 5 January 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## अस्पतालमा ३ महिने शिशुको मृत्यु

हेटौंडा, १९ पुस/हेटौंडा अस्पतालमा ३ महिनाको शिशुको मृत्यु भएको छ । मृत्यु हुनेमा हेटौंडा-१५ बस्ने रश्मी रुम्बाकी छोरी रियाशा रुम्बा रहेकी छिन् । जिल्ला प्रहरी कार्यालय मकवानपुरले दिएको जानकारी अनुसार, रियाशाको दायाँ खुट्टामा हड्डी संङक्रमण भएर हेटौंडा अस्पतालमा उपचारको लागि ल्याइएकोमा पुस १८ गते मृत्यु भएको थियो । आफन्तले डक्टरको लापरवाहीले मृत्यु भएको आशंका गरेको र डाक्टरले सम्झाईबुझाई गरिरहेको प्रहरीले जनाएको छ ।

शिशुको अरु कुनै कारण नभइ अप्रेसन सकिएपछि बाहिर ल्याइ स्तनपान गराउने क्रममा दूध सर्किएर मृत्यु भएको हेटौंडा अस्पतालका मेसु रामचन्द्र सापकोटाको भनाइ छ । परिवार र चिकित्सकबीच छलफल भइ आफन्तले शिशुको शव लैजाने तयारी गरेको सापकोटाको भनाइ छ ।

# बागमती सरकारको प्राथमिकता टुक्रे योजनामा सीमित

## हालसम्म ६८० किमि सडक कालोपत्रे

निशा गुरुङ

हेटौंडा, १९ पुस/पहिले नै ट्रयाक निर्माण भएकासहित गत आर्थिक वर्षसम्ममा प्रदेश सरकारले ६ सय ८० दशमलव १९ किमि सडक कोलोपत्रेसहित स्तरोन्नति गरेको बताइएको छ । गत आवमा मात्र १ सय ४३ दशमलव ९४ किमि सडक कालोपत्रेसहित स्तरोन्नतिको काम भएको भौतिक पूर्वाधार मन्त्रालयले जानकारी दिएको छ ।

बागमती प्रदेश सरकारले हरेक वर्ष भौतिक पूर्वाधार विकासलाई प्राथमिकतामा राख्दै आएको बताएपनि सानातिना वा वडातहबाट संचालन हुने योजनामा अलमलिएको स्थानीयको अनुभूति देखिन्छ । प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत पक्की पुल, झोलुङ्गे पुल, ढलान सडक, कालोपत्रेसहित सडक स्तरोन्नति, सडकको नयाँ ट्रयाक निर्माण, सडक ग्राभेल, मर्मतसम्भारलगायतका काम हुँदै आएको बताइएको छ । तर, सामान्यतया वडास्तरबाट गर्नु पर्ने सानातिना योजनामा प्रदेश सरकार अलमलिएका कारण देखिने वा ठूला योजनामा ध्यान पुग्न सकेको छैन ।




गत आर्थिक वर्ष २०७९/८० को असार मसान्तसम्ममा बागमती प्रदेश सरकारले बहुवर्षीय योजनासहित २६ सय ९ वटा योजना सम्पन्न गरेको छ । मन्त्रालयका सूचना अधिकारी ज्यानेन्द्रप्रसाद पुनले गत आवमा मात्र बहुवर्षीय योजना सहित ३ हजार ८ सय ६३ योजना सुरुवात गरेकोमा २ हजार ६ सय ९ योजना सम्पन्न गरेको जानकारी दिए । जसमध्ये २ सय ३१ वटा मात्रै बहुवर्षीय योजना रहेको थियो । सूचना अधिकारी पुनका अनुसार बहुवर्षीय योजनाबाहेक १ सय ९४ योजना अधुरै रहेको र २ सय ११ वटा योजना कार्यान्वयनमै नआएको जानकारी दिए ।

मन्त्रालयले प्रादेशिकतर्फ सडक निर्माणको ३ हजार ३ सय ५५ कुल योजना र ९१ वटा बहुवर्षीय योजनामध्ये २ हजार ३ सय ७७ योजना सम्पन्न गरेको छ । जसमा बहुवर्षीय योजना बाहेक ५ वटा सम्पन्न हुन नसकेको र ९६ वटा योजना कार्वान्वियन नभएको पुनले जानकारी दिएका छन् । त्यसैगरी, सडक पुलअन्तर्गत बहुवर्षीय योजना ८० सहित कुल १ सय ६३ योजनातर्फ ४४ वटा सम्पन्न गरेको जनाएको छ । जसमध्ये बहुवर्षीय योजना बाहेक ३ वटा योजना सम्पन्न हुन नसकेको र ६१ वटा योजना कार्यान्वयन नभएको मन्त्रालयको तथ्यांक छ ।

झोलुङ्गे पुलअन्तर्गत मन्त्रालयले १३ वटा बहुवर्षीय योजनासहित कुल ४८ वटा योजनामध्ये ६ वटा योजना सम्पन्न गरेको छ । २९ वटा योजना कार्यान्वयन नभएको मन्त्रालयले जनाएको छ । भवनतर्फ मन्त्रालयले बहुवर्षीय योजना एउटा सम्पन्न गरेको छ । संघीय सर्शत अनुदानतर्फ सडकअन्तर्गत बहुवर्षीय योजना १५ वटासहित कुल योजना २ सय ५८ वटामध्ये १ सय ७४ योजना सम्पन्न भएको मन्त्रालयका सूचना अधिकारी पुनले बताए । जसमा ६४ योजना बहुवर्षीय बाहेक सम्पन्न हुन नसेको योजना छन् भने २० वटा योजना कार्यान्वयन नगएका हुन् ।

संघीय सर्शत अनुदान सडक पुलतर्फ बहुवर्षीय योजना १७ सहित कुल योजना २४ मध्ये ६ वटा योजना सम्पन्न भएका छन् भने बहुवर्षीय बाहेक ७ वटा योजना सम्पन्न हुन नसकेको मन्त्रालयले जनाएको छ । तीमध्ये ५ वटा योजना कार्यान्वयन नभएको सूचना अधिकारी पुनले जानकारी दिए । संघीय समपुरक अनुदानतर्फ बहुवर्षीय योजना १२ मध्ये १ वटा योजना सम्पन्न भएको छ ।

यसैगरी, आव २०७८/७९ सम्ममा पटके मर्मत सम्भारतर्फ धुले सडक एक हजार ५ सय ४ दशमलव ७३ किमि मर्मत सम्भार गरेको प्रदेश सरकारले आव २०७९/० मा मात्र ३ सय २७ दशमलव २८ किमि धुले सडक मर्मत गरेको छ । गत आर्थिक वर्ष पटके मर्मतसम्भार कार्य पक्की सडकतर्फ १० दशमलव ६० किमि र ग्राभेल सडकतर्फ ३२ दशमलव ८६ किमि गरिएको थियो ।

पक्की र ग्राभेल सडकको पटके मर्मतसम्भार गत आर्थिक वर्षदेखि सुरु गरिएको हो । गत आर्थिक वर्ष हेरालुमार्फत ३ सय ६४ दशमलव २५ किमि मर्मतसम्भारको काम भएकोमा गत आर्थिक वर्षसम्ममा कुल एक हजार १७ दशमलव ३८ किमि मर्मतसम्भारको काम भएको प्रवक्ता सिंहले जानकारी दिए ।

नयाँ सडक निर्माण, स्तरोन्नति र पुनर्स्थापनाको काम गर्दै आएको प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले गत आवमा २ सय १ दशमलव ८६ किमीसहित कुल एक हजार ४३ दशमलव ५६ किमि सडकको नयाँ ट्रयाक निर्माण गरेको छ । यो अवधिमा ९ सय ३ दशमलव ७१ किमी सडक ग्राभेलस्तरमा स्तरोन्नति गरिएकोमा गत आवमा मात्रै १ सय ५९ दशमलव ०८ किमि सडक ग्राभेलस्तरमा स्तरोन्नति भएको थियो ।

सूचना अधिकारी पुनले पहिले ट्रयाक निर्माण भएकासहित गत आवसम्ममा ६ सय ० दशमलव १९ किमि सडक कोलोपत्रेसहित स्तरोन्नति भएको जानकारी दिँदै गत आवमा मात्र १ सय ४३ दशमलव ९४ किमि सडक कालोपत्रेसहित स्तरोन्नतिको काम भएको जानकारी दिए । यस अवधिमा २ सय ८३ दशमलव ३४ किमि सडक ढलान भएको छ । जसमा गत आवमा १ सय २ दशमलव ४१ किमि सडक ढलान भएको छ ।

# बचत संघको स्थापना दिवसमा गोष्ठी

साझाकुरा संवाददाता

हेटौंडा, १९ पुस/जिल्ला बचत तथा ऋण सहकारी संघ मकवानपुरको १९ औँ स्थापना दिवसको अवसरमा बुधबार अन्तर क्रिया गोष्ठी तथा प्रशंसापत्र प्रदान कार्यक्रम गरी मनाएको छ ।

संघले एचआईभी संक्रमित एवम् प्रभावित बालबालिकालाई न्यानो कपडा वितरण गरेको छ । संघका अध्यक्ष कल्पना श्रेष्ठको अध्यक्षता तथा बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठको प्रमुख आतिथ्यतामा भाखा नाघेका ऋण व्यवस्थापन कानुनी उपचारसम्बन्धी अन्तरक्रिया भएको हो । प्रदेशसभा सदस्य श्रेष्ठले कर्जाप्रवाहमा ध्यान पुग्न नसके भाखा नाघेको सदस्यको संख्या वृद्धि हुने बताए । उनले लगानी गर्दा ध्यानदिनुका साथै असुली प्रक्रियामा निरन्तर लाग्नुपर्ने बताए ।

मुलुकको अर्थतन्त्र सवल पक्षमा नभइरहेको अवस्थामा सहकारी क्षेत्रमा पनि त्यसको प्रभाव परेकाले कर्जा तीर्न सदस्यलाई अप्ठ्यारो परिरहेको अवस्था सिर्जना भएको बताउँदै श्रेष्ठले भने-आर्थिक संकटमा पनि सहकारीले ऋण प्रवाह गरिरहेकोले समाजमा आर्थिक चलायमान भइरहेको छ । उनले सहकारीमा पछिल्लो समय समस्या आएको छ, केही सहकारीहरु भाग्ने, हिनामिना गर्ने, बचत फिर्ता नगर्ने जस्ता परिघटनाले समग्र सहकारी क्षेत्रमा नराम्रो सन्देश पुगेको बताए । सदस्यहरुलाई अनुरोध गर्दै लिलामीको प्रक्रियामा नपुग्दै आफ्नो सावाँ र व्याज नियमित तिर्न आग्रह गरे ।

संघमा आवद्ध भएको साकोस सदस्यलाई १६ वटा समूह चरणमा विभाजन गरी सहकारीले गर्दै आइरहेको भाखा नाघेको अवस्थामा गरिने प्रक्रियाबारे बृहत छलफल गरी प्रस्तुती गरिएको थियो कार्यक्रममा संघका अध्यक्ष श्रेष्ठले बचत र ऋणका साथै भाखा नाघेपश्चात गरिने कानुनी उपचारका विषयमा कार्यपत्र प्रस्तुत गरेकी थिइन् । सहकारी नियमावली २०७५ को परिच्छेद ८ अन्तरगत पर्ने दफा ३० मा उल्लेख भएका कानुनी उपचारबारे बृहत छलफल गरिएको थियो ।



संघको भवन निर्माणका लागि सुरु गरिएको भवन निर्माण बचत कार्यक्रम र प्रतिशेयर सदस्य १० रुपैयाँका दरले गर्ने सहयोगी संस्थालाई प्रशंसापत्र प्रदान गरिएको थियो । जसमा मितेरी साकोस, महिला मिलन साकोस, श्रमिक सुरक्षित साकोस, जागरण साकोस, महिला जनशक्ति साकोस, महिला सेवा साकोस, संजीवनी साकोस, सहयात्री साकोस, महिला आवाज साकोस, हरियाली स्वावलम्बन साकोस, महिला अभियान साकोस, सुजनशील महिला साकोस, बज्रबाराही साकोस, मनहरी साकोस, जनकल्याण साकोस, बागेश्वरी महिला साकोस, पञ्चरत्न साकोस, महिलाजागृति साकोस, जनजागृति महिला साकोस, हेटौंडा साकोस, महिलामुक्ति साकोस, कुलेखानी साकोस, सौभाग्य महिला साकोस, जनचेतना साकोस, नमुना प्रगति साकोस, पाञ्चायन साकोस, युसेस साकोस, हातेमालो साकोस र महिला कल्याण साकोस रहेका छन् ।

कार्यक्रममा प्रदेश सहकारी बोर्डका कार्यकारी अधिकृत नारायण प्रसाद देवकोटा, पूर्वजिसस उपप्रमुख भगवती पुडासैनी, संघका संस्थापक अध्यक्ष सुलोचना स्याङ्तान, जिल्ला सहकारी संघका उपाध्यक्ष मेनुका दाहाल, सल्लाहकार बद्रीप्रसाद लम्साल, नेस्कुन मकवानपुर फिल्ड ईन्चार्ज ज्योति महत, राष्ट्रिय सहकारी बैंक शाखाप्रमुख रामेश्वर अर्याल, जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष हरि कंडेल, बहुउद्देश्यीय सहकारी संघका शर्मिला डंगोल, ग्रामीण महिला सेवाकेन्द्रका देवकी चौलागाई लगायतको आतिथ्यता रहेको थियो ।

स्थापना दिवसको अवसरमा संघले मकवानपुर महिला समूहको कार्यालयमै ११ जना एचआईभी संक्रमित बालबालिकालाई न्यानो कपडा वितरण गरेको थियो । संघमा मंसिर मसान्तसम्ममा करिब १ अर्ब ७ करोडको कुल सम्पति रहेको र पुँजी ४ करोड ४८ लाख ८३ हजार रहेको संघका व्यवस्थापक सुमित्रा कुमारी वाईबाले बताइन् । संघले १५ करोड ८१ लाख ९६ हजार ५५७ रुपैयाँ कर्जा लगानी गरेको छ भने बचत निक्षेप ९६ करोड ५२ लाख ५० हजार २०४ रहेको व्यवस्थापक वाईबाले बताइन् । उनका अनुसार संघले ९ वटा उपसमिति गठन गरी संस्थागत सुदृढीकरण गर्नुका साथै सेवाप्रवाह गरिरहेको छ ।

**फेन्सी पसल बिक्रीमा**

हेटौंडा-४, स्कूल रोडको आर.बी. कम्प्लेक्सको अगाडिको सटरमा चालु अवस्थामा रहेको एस.पी. कलेक्सन नाम रहेको फेन्सी पसल अर्जेन्ट बिक्री गर्नु पर्ने भएकोले सुपथ मूल्यमा बिक्रीमा छ । खरिद गर्न इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. : ९८४५७१७०६०

# हुप्रचौरमा सार्वजनिक शौचालय सञ्चालन




साझाकुरा संवाददाता

हेटौंडा, १९ पुस/बजारको मध्येभागमा पर्ने हेटौंडा उपमहानगरपालिका-४ हुप्रचौरमा संघीय सरकारद्वारा निर्माण गरिएको सार्वजनिका शौचालयको उद्घाटन भएको छ ।

संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाले निर्माण गरिदिएको सुविधा सम्पन्न शौचालयको हेटौंडा उपमहानगर पालिका नगरप्रमुख मीनाकुमारी लामाले बिहीवार उद्घाटन गरेकी छन् ।

महिला, पुरुष तथा शारीरिक अशक्तका लागि निर्माण भएको शौचालय आयोजना कार्यालयले व्यवस्थापन र सञ्चालनको लागि हेटौंडा उपमहानगरपालिका-४ नम्बर वडा कार्यालयलाई हस्तान्तरण गरेसँगै सञ्चालनमा ल्याइएको हो ।

हुप्रचौर खेलमैदानमा आउने खेलाडी तथा अन्य व्यक्तिले शौचालयको प्रयोग गर्न सकिने व्यवस्था मिलाइएको छ । ३३ लाख ७० हजार ४ सय ५२ रुपैयाँको लागतमा निर्माण भएको शौचालयको उद्घाटनसँगै हेटौंडा उपमहानगर पालिकाबाट कर्मचारी परिचालन गरेर सञ्चालनको व्यवस्था मिलाइएको हो ।

शौचालय हस्तान्तरण कार्यक्रममा आयोजना कार्यालयको प्रमुख उज्वल प्रजापति र उपमहानगरपालिकाकी नगरप्रमुख लामाले ४ नम्बर वडाका अध्यक्ष नवीन सिग्देललाई साँचो हस्तान्तरण गरेका थिए । कार्यक्रममा नगरप्रमुख लामाले संघीय सरकारमार्फत निर्माण भएको शौचालयको व्यवस्थापन सहितको जिम्मेवारी उपमहानगर र वडा कार्यालयले लिने जानकारी गराएकी छन् ।

# २९ जनाले दिए रगत

साझाकुरा संवाददाता

हेटौंडा, १९ पुस/हेटौंडा उपमहानगरपालिकामा आयोजित रक्तदान कार्यक्रममा २९ जनाले रगत दिएका छन् । हेटौंडा-५ पिप्लेमा रहेको हेटौंडा सिटी कलेजको आयोजनामा भएको रक्तदान कार्यक्रममा २९ जनाले रक्तदान गरेका हुन् ।



कलेजले विद्यार्थीलाई विभिन्न सामाजिक क्रियाकलापमा सक्रिय बनाउँदै विभिन्न कार्यक्रम गर्दै आएको छ । विहीबार कलेज परिसरमा रक्तदान कार्यक्रम आयोजना गरेको प्रशासन प्रमुख सुमन्त सिलवालले बताए । कार्यक्रममा प्लसटु, आइटीका विद्यार्थीका साथै शिक्षकले रक्तदान गरेका थिए । कलेजले आगामी दिनमा पनि अन्य विभिन्न कार्यक्रम गर्ने तयारी रहेको प्रमुख सिलवालले बताए ।

कलेजका संस्थापक र मिता पाण्डेको अध्यक्षतामा भएको रक्तदान कार्यक्रममा कलेजका प्रिन्सीपल श्रीबहादुर कार्की, प्रशासन प्रमुख सुमन्त सिलवाल, विभागीय प्रमुखहरु, रक्तसञ्चार केन्द्रका प्रतिनिधिको आतिथ्यता रहेको थियो ।

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरुः

- अललाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।




**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-५, पिप्ले, मकवानपुर

सम्पर्कः ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लास्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम



**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# चीरनिन्द्रामा संसदीय समिति

सत्तारुढ दल र प्रतिपक्षीको भागबण्डा नमिलेकै कारण संसदीय समिति चीरनिन्द्रामा परेको छ । बागमती प्रदेशसभाका ५ वटा संसदीय समितिमा अझै नेतृत्व चयन हुन सकेको छैन । प्रदेशसभाको निर्वाचन भएको १ वर्ष भइसक्दा पनि 'मिनी संसद' भनिने संसदीय समितिमा नेतृत्व चयन हुन नसकेको हो । सत्तारुढ गठबन्धनमा सहमति नजुट्दा 'मिनी संसद' भनेर चिनिने बागमती प्रदेशसभाका संसदीय समिति नेतृत्वविहीन बनेका छन् । सत्ता गठबन्धनले संसदीय समितिको नेतृत्वचयन गर्न अझै सहमति जुटाउन सकेको छैन । गठबन्धनको आन्तरिक विवाद र प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका कारण समेत समिति गठन भएपनि नेतृत्व चयन हुन नसकेको हो । २०७९ पुस १८ गते प्रदेशसभाको पहिलो बैठक बसेको थियो । तर, हालसम्म पनि संसदीय समितिहरुले नेतृत्व पाउन सकेका छैनन् । समितिले पूर्णता नपाउँदा सत्तापक्षकै सांसदले समेत असन्तुष्टि जनाउँदै आएका छन् ।

प्रदेश सरकारले गत माघ २३ गते प्रदेशसभा बैठकबाटै संसदीय समिति गठनको प्रयास गरेको हो तर, सरकारलाई समर्थन गरेका दलको दाबीअनुसार भाग नपुग्ने भएपछि यस विषयलाई थाँती राखियो । सत्तारुढ र मुख्य प्रतिपक्षी दलबीच विषयगत समितिमा भागबण्डा नमिल्दा अहिलेसम्म सभापति चयन हुन सकेका छैनन् । सभापति चयन नहुँदा समितिले विधेयकमाथि छलफल गर्न सकेका छैनन् । बागमती प्रदेशसभामा पाँचवटा संसदीय समिति रहेका छन् । प्रदेशसभाका पाँचवटा समितिमा सबै दलको प्रतिनिधित्व हुने गरी कुल ९६ जना सांसदलाई समितिको सदस्य बनाइएको छ । जसअनुसार ४ वटा समितिमा १९ जना र एक समितिमा २० सदस्य रहेका छन् । समितिका सदस्यबाट निर्वाचन गरी एकजना सभापति चुनिने छन् । सत्तारुढ र विपक्षी दलबीच कुरा नमिल्दा नेतृत्व चयनको विषय ओझेलमा परिरहेको छ । सत्तारुढ गठबन्धन दलहरुबीचमा नै भागबण्डा नमिलेको अवस्थामा विपक्षी एमालेले संसदीय समितिहरुमा हुने निर्णयलाई प्रभावकारी बनाउन र सबै पक्षले अपनत्व महसुस गर्ने वातावरणका लागि पनि सत्तारुढभन्दा विपक्षी दललाई समितिको नेतृत्व दिंदा राम्रो हुने बताइरहेको छ । ज्येष्ठ सदस्यको अध्यक्षतामा समितिहरुको बैठक बस्न सुरु भएको छ तर, एजेण्डा स्थापित हुने गरी भने बैठक बस्न सकेको छैन । संसदीय समितिको नेतृत्व चयनमा ढिलाइ हुँदा समितिले खास एजेन्डामा छलफल गर्न सकेको छैन ।

प्रदेशसभामा प्रदेश मामिला समिति, अर्थ तथा विकास समिति, सार्वजनिक लेखा समिति, शिक्षा समिति, स्वास्थ्य तथा कृषि समिति र उद्योग, पर्यटन तथा वातावरण समिति छन् । सरकारको कामलाई व्यवस्थित बनाउन भूमिका खेल्नुपर्ने संसदीय समिति चलायमान हुन सकेको छैन । संसदीय समिति गठन नहुँदै प्रदेशसभाले नियम निलम्बन गरेर ४ वटा विधेयक पारित गरिसकेको छ । जसमध्ये ३ वटा विधेयक प्रमाणीकरण भई लागू भएका छन् भने एउटा विधेयक त्रुटीपूर्ण देखिएपछि प्रमाणीकरण हुन नसकी प्रदेशप्रमुखबाट फिर्ता भएको छ । भागबण्डा नमिलेर लामो समयसम्म संसदीय समितिको नेतृत्व चयन गर्न नसकेपछि पछिल्लो समय संसदीय समितिको संख्या बढाएर भएपनि दलहरुबीच भागबण्डा मिलाउने गरी छलफल सुरु भएको छ । दलहरुबीच भागबण्डा मिलाउन संसदीय समिति बढाएर सभापति चयन गर्ने चर्चा सुरु भएको हो । यसो गर्दा फेरि पनि प्रशासनिक खर्च बृद्धि हुने नै हो । संसदीय अभ्यासलाई मितब्ययी बनाउनुको सट्टा खर्चिलो बनाउँदै गर्दा संघीयतामा पुन प्रश्न उठाउने अवसर मिल्ने छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० पुस २१ गते शनिबार, ६ जनवरी २०२४ । दशमी, पौष कृष्णपक्ष । थिलागा ११४४ ने.सं. । सूर्योदय ६:५७, सूर्यास्त ५:२२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : विद्यार्थीका लागि लाभदायक | **तुला** | : दिन राम्रोसूग बित्नेछ |
| **वृष** | : सम्मानित काम हुनेछ | **वृश्चिक** | : चोट लाग्ने सम्भावना देखिन्छ |
| **मिथुन** | : धार्मिक काममा रुचि बढ्नेछ | **धनु** | : चिन्ता, भय र आशंका बढ्नेछ |
| **कर्कट** | : काममा एकरुपता आउनेछ | **मकर** | : सन्तोष र प्रतिष्ठा मिल्नेछ |
| **सिंह** | : यात्राबाट लाभ हुनेछ | **कुम्भ** | : काममा प्रगति हुनेछ |
| **कन्या** | : धनको समस्या पार लाग्नेछ | **मीन** | : व्यापारमा लाभ हुनेछ |

# शिवविद्यालयमा बोर्ड अफ ट्रष्टिज राखौं, तर त्यतिले पुग्दैन



चैतन्य मिश्र

हालसालै त्रिभुवन विश्वविद्यालयको बहुचर्चित ४९औं दीक्षान्त समारोहमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डबाट विश्वविद्यालयको कुलपति प्रधानमन्त्री नरहने घोषणा भयो । विश्वविद्यालय अब एउटा बोर्ड अफ ट्रष्टिजले व्यवस्थापन गर्ने भन्ने सुन्न पाइएको छ । प्रधानमन्त्रीले 'त्रिभुवन विश्वविद्यालयको उपकुलपतिको नियुक्ति देश तथा विदेशमा रहेका प्राज्ञिक नेपाली व्यक्तित्वहरूको बीचबाट प्रतिस्पर्धाका आधारमा गरिने र विश्वविद्यालयमा हुने राजनीतिक भागबन्डाको अन्त्य गरिने' उद्घोष गरे । यो सुधारको एक पाइला त हो, योसँगै धेरै काम गर्नुपर्ने हुन्छ । बाँकी काम गरेन भने नयाँ र पुराना मिडियामा ठूलो रूप धारण गरेको यो 'ठूलो समाचार' अर्धसत्य वा हौवामा सीमित हुनेछ । किनकि यो एउटा मात्रै सुधारले केही हुँदैन ।

ट्रष्टीहरू को हुन्छन्, कुन आधारमा उनीहरू छानिन्छन्, उनीहरू कोप्रति जिम्मेवार हुन्छन्, उनीहरूको कामको लेखाजोखा केका आधारमा कसरी हुन्छ र त्यो काम कुन संरचना अन्तर्गत कसले गर्छ, त्यो महत्वपूर्ण हुन्छ । अहिलेकै संरचनामा उपकुलपति को आउँछ भनेर उत्साहका साथ छलफल गर्नुको खासै औचित्य देख्दिनँ । ट्रष्टिजलाई दलहरू र सरकारको व्यापक र दिगो समर्थन हुन्छ कि हुँदैन ? राजनीति, नीति, व्यवस्थापन र वित्तमा दीर्घकालसम्म विश्वविद्यालयले यस्तो समर्थन पाइरहनुपर्छ ।

पहिला त ट्रष्टी नै आफ्नो मान्छेबाट बनाउने सम्भावना हुन्छ । ट्रष्टी सही ढंगले बनायो भने पनि विश्वविद्यालयलाई कम्तीमा २०-२५ वर्ष सरकार र पार्टीहरूको समर्थन चाहिराख्छ । त्यो प्राप्त हुन्छ कि हुँदैन भन्ने मेरो चिन्ता हो । यहाँ राजनीतिक समर्थन भन्नाले विद्यार्थी, प्राध्यापक, कर्मचारी लगायतका युनियनलाई लगाम लगाउने र तिनलाई एकदमै सीमित दायराको बनाउने भनेको हो । विश्वविद्यालयभित्र राजनीतिक दलहरूले शिक्षक, विद्यार्थी, कर्मचारीको भ्रातृ/भगिनी संगठनहरू बनाउँछन् । उनीहरू विश्वविद्यालयको बौद्धिक र प्राज्ञिक रुचि/स्वार्थमा होइन, पार्टी फ्र्याक्सनको स्वार्थ अनुरूप परिचालित देखिन्छन् । यो अभ्यासलाई दिगो रूपले हटाउन सक्छ कि सक्दैन भन्ने कुरा हो ।

विद्यार्थी युनियन हुनुपर्छ तर त्यो विद्यार्थीपन र विद्यार्थीकै लागि अत्यावश्यक विषयभित्रै खुम्चनुपर्छ, अन्य मुद्दामा उनीहरूको जोर नचल्ने गरी संगठन बनाउनुपर्छ । नन-स्टुडेन्ट इन्ट्रेस्ट सबै तिलाञ्जली दिनुपर्छ । सरकारले त्यस्तो वातावरण निर्माण गर्नुपर्छ । शिक्षक र कर्मचारी युनियन पनि आफ्नै दायराभित्र सीमित हुनुपर्छ । ८ वर्षअघि मैले यही कुरा भनेको थिएँ, 'दलले विश्वविद्यालयमा सेना खडा गरे ।' अहिले तिनै सेनाले विश्वविद्यालयमा कवाज खेलिरहेका हुन् । त्यसको एक किसिमिको ठूलो र अन्तिम रूप प्रेम चलाउने माथिको भौतिक हमला हो । अन्ततः दलका सेना विश्वविद्यालय भित्र आक्रमणमै उत्रिइहाल्यो । विश्वविद्यालयमा दलीय सेना प्रवेशका अनेकौं रूप छन् । जस्तै, हप्ता उठाउने, बहाल खाने, विभागहरूमा पैसा मागेर पिकनिक जाने लगायत ।

संघहरूले विश्वविद्यालय कीर्तिपुरको जग्गा लिएर बस व्यवसायी लगायतलाई दिएर भाडा उठाइरहेका छन् । पार्टीसँग आबद्धताको बलमा भ्रातृ संगठनहरूले शक्तिको अभ्यास गर्छन्, यसलाई वैध भन्ने कि अवैध ? यसलाई प्रधानमन्त्री, गृहमन्त्री, शिक्षामन्त्री, अर्थमन्त्री आदिले लगाम लगाउन सक्छन् कि सक्दैनन् ? यस्ता संगठन र स्वार्थहरूलाई नियन्त्रण नगर्ने हो भने बोर्ड अफ ट्रष्टिज राख्ने कुराले मात्र केही पनि छुँदैन । यो मुख्य विषय हुन्छ ।

विश्वविद्यालयमा दलीयकरण यति व्यापक छ कि यसलाई हटाउन झण्डै-झण्डै असम्भव जस्तो छ । यसलाई हटाउने पार्टी र सरकारले नै हो र उनीहरू यसका लागि तयार नभएकाले मैले असम्भवप्राय: भनेको हुँ । यसरी हेर्दा बोर्ड अफ ट्रष्टिज बनाउने, प्रधानमन्त्री कुलपति नबस्ने र अर्को एकजना कुलपति खडा गरेर मात्र विश्वविद्यालयले काँचुली फेर्दैन । यो निकै फराकिलो विषय हो ।

### उच्च शिक्षा किन ?

पहिलो, उच्च शिक्षाले त्यस्तो ग्र्याजुएट तयार गर्छ जसले उचित सूचना बटुल्न, त्यसलाई विश्लेषण गर्न र त्यसमा आधारित भएर स्वतन्त्र र स्वाधीन भएर बोल्न र लेख्न सिकाउँछ । सुगा घोकन्ते गर्दैन । फलानोले फलानो भनेको छ भन्ने होइन कि ती सबै पढेपछि मेरो दृष्टिकोणमा यस्तो भन्न सक्छ । किनकि भनेर थप व्याख्या गर्न सक्छ । पढेको मान्छे त्यही हो जसले स्वतन्त्रतापूर्वक व्याख्या गर्न सक्छ ।

दोस्रो, संसारको कुनै पनि विश्व विद्यालयमा उसले भर्ना पाउने क्षमता राख्छ । संसारको कुनै पनि ठाउँमा कामको लागि कमसेकम आवेदन गर्न पाउँछ । हामी ग्लोबल जमानामा बाँचिरहेका छौं, त्यसैले यो नेपालको मात्र कुरा होइन ।

तेस्रो, उच्च शिक्षाको काम स्कुलको शिक्षक तयार गर्ने हो । हाई स्कुलको शिक्षक सबै विश्वविद्यालयबाट निस्कने हो । आधारभूत रूपमा नेपालका लागि भए पनि उसले संसारको जुन देश गएर पढाए पनि हुन्छ ।

त्यसैले उच्च शिक्षाको महत्व ठूलो छ । देशभरिका विद्यार्थीलाई त्यहींको उत्पादनले पढाउँछ । जीवनभर सिकिराख्छु भन्ने प्रण गर्ने, बानी बसाल्ने त्यस्तो खालको ग्र्याजुएट पैदा गर्न जसले समालोचनात्मक आँखाले हेर्छ । मैले जीवनभर सिकिराख्नुपर्छ भन्ने आत्मसात् गर्छ ।

त्यसैले हाम्रो उच्च शिक्षा कस्तो बनाउने भन्दा कल्पना गर्नुपर्छ र क्रमश: कार्यान्वयन गर्दै जानुपर्छ जसले माथि उल्लिखित गुण भएको ग्र्याजुएट पैदा गर्छ । तर अहिले हामी कहाँ छौं ? अंग्रेजीमा 'इन द डम्प्स' भने जस्तै यो 'फोहोर फाल्ने ठाउँ' जस्तो बनेको छ । हाम्रो २०-२५ वर्षको अवस्था हेर्ने हो भने त्यो 'डम्पस्टर' अझ गहिरो-गहिरो हुँदै गइरहेको र हामी त्यही फोहोर फ्याँक्ने बाकसको पिंधतिर धकेलिइरहेका छौं । पहिलाको हेर्दा त नराम्रो मात्रै छैन, झन् नराम्रो हुँदैछ ।

### दलीयकरणको दुष्परिणाम

सलीयकरणले विश्वविद्यालय मात्र होइन, हाम्रो समाजै खायो । पत्रकारमा पार्टी छन् । गुम्बादेखि मन्दिरसम्म, आमा समूह, सामुदायिक वन जताततै पार्टी छन् । सबैभन्दा बढी त व्यापारीमा छ । केही समय अघि एनआर एनमा पनि देखियो । अब यसले कहाँसम्म जरो गाड्ने हो ? दलीयकरण कहाँ भएको छैन भनेर खोज्नुपर्ने अवस्था छ । विश्वविद्यालयभन्दा बाहिर यसले दुइटा कुरालाई घात गर्छ । पहिलो, अटोनोमस सिटीजनसिप अर्थात् दह्रोसँग खुट्टा टेक्ने नागरिक यसले तयार गर्दैन । उनीहरू भक्तिमार्गमा लाग्छन् ।

मेरै विभागमा रहेका एकजना साथीले भन्नुभयो- मैले यसो गरें किनकि मलाई फलानो पार्टीसँग आस्था छ । उहाँले आशा होइन, आस्थाको कुरा गर्नुभयो । विश्वविद्यालयमा पढाउन थालेपछि आस्था त आफ्नो शास्त्र र ज्ञानमा हुनुपर्ने हो । फलानोभन्दा फलानो पार्टी अलि राम्रो, त्यसकारण त्यसमा भोट हाल्छु भन्न त सकिन्छ तर आशा राख्न सकिंदैन । ज्ञानको आशा राखे त्यसैका लागि समर्पित हुन सकिन्छ । हामी एउटा शास्त्रमा त समर्पित छौं, तर एउटा शास्त्रमा मात्रै समर्पित छैनौं । हामी ज्ञानतर्फ समर्पित छौं । विश्वविद्यालयका शिक्षक कमसेकम त्यस्तो हुनुपर्ने हो ।

आसक्ति, भक्ति, आस्था, लालचको खेतीले स्वायत्त नागरिकका साथै पेशागत उत्कृष्टता हासिल गराउने प्लेटफर्महरूलाई गम्भीर ढंगले कमजोर बनाइदिएको छ । यो एकदमै ठूलो घात हो । यसको ठूलो मूल्य हामी नागरिक र देशले चुक्ता गर्नुपर्छ । एककिसिमले भन्ने हो भने दलहरूले सबै कुरा अँठ्याए । देशैलाई अँठ्याए । घाँटीमै च्याप्पै समाते । हामी फुत्किनै नसकिने भयौं, छुट्टै व्यक्ति हुन नसक्ने भयौं । आमा समूहदेखि सामुदायिक वन समितिसम्मले पार्टीको मुख हेर्नुपर्ने भयो । अनि दुवैले केही पाइरहेका हुन्छन् । मुख्यत: दलले पाउँछ । त्यहाँबाट केही फुत्केला कि भविष्यमा भनेर तल प्राध्यापक, विद्यार्थीहरू आश गरेर बसेका हुन्छन् । दलका लागि त तत्काल लाभ छ, जनसमर्थन र भक्ति पाउने भयो । झन् नेताहरू भक्तिका भोका हुन्छन् । खुट्टै पर्न आउनुपऱ्यो, हजुर-हजुर भन्नुपऱ्यो । ताली बजाउनुपऱ्यो । ठूलो माला लगाइदिनुपऱ्यो । देशभरिका मानिसहरूले त्यस्तो आश बोकेर बसेका हुन्छन् ।

लोकतन्त्र भन्छौं तर दलीयकरणले गर्दा बलियो नागरिक बनाउन सकेनौं । पेशागत उत्कृष्टतामा पनि हामी पछि पर्दै जान्छौं । किनभने दलप्रति आस्था राखेपछि त पढ्ने/पढाउने काममा किन आस्था राखिरहनुपऱ्यो र ? राखे पनि कम मात्र राखेभयो किनकि बढी आस्था त दलसँगै छ । यसको विश्वविद्यालयको तहमा धेरै अरु दुष्परिणाम छन् । विश्वविद्यालयको नियमन यसरी नष्ट भयो कि भनिसाध्यै छैन । ८० प्रतिशत हाजिरी हुनुपर्ने भन्ने हुन्छ । त्यो त झन्डै झन्डै छैन । विद्यार्थीकै बलले छैन । अरु कारण पनि छैन । निजी क्याम्पसमा लागेर पैसा कमाउनुछ । तर मूलत: विद्यार्थीकै स्वार्थले यो सिद्धियो ।

ग्रेडमा त्यस्तै समस्या छ । कसैलाई थोरै नम्बर दिन गाह्रो छ, फेल गर्न एकदमै गाह्रो छ किनकि शिक्षकलाई अत्यधिक धम्क्याइन्छ । पढ्दै नपढ्ने विद्यार्थीलाई पास गर्नुपर्ने स्थिति छ । शिक्षकको इन्गेजमेन्ट प्राज्ञिक प्रक्रियाको हकमा मात्र होइन । हाम्रोमा शिक्षकको कार्यघण्टा एकदमै कम छ । कीर्तिपुरमा सामान्यत: हप्ताको ३ घण्टा पढाउने हो । त्रिचन्द्रमा त धेरैजसो स्थायी शिक्षकले कक्षामा गएर नपढाउने गरेको सुनिन्छ । एकदम कामचोर स्थिति बनेको छ । किनकि अर्कैतिर भक्ति गरेपछि यता छुट हुने भइहाल्यो । यस्ता विभिन्न कारणले शिक्षकहरूमा कामचोर स्थिति बढेको छ । यसमा पनि राजनीतिकै कुरा छ । यसमा शिक्षक जति जिम्मेवार छन्, त्योभन्दा बढी पार्टी र सरकारहरू जिम्मेवार छन् । शिक्षकहरू नै त्यस्तै छन्, पार्टीलाई राजनीति गर्न उनीहरूले नै दबाब दिन्छन् भन्ने तर्क पनि कतिपयको सुनिन्छ । त्यो छैन म भन्दिनँ तर मूल कर्ता त नेता/राजनीति नै हो । उनीहरूले आमन्त्रण नगरे शिक्षकको मात्रै केही चल्दैनथ्यो ।

नेपालबाट विद्यार्थी पढ्न मात्र गएका होइनन्, काम गर्न गएका हुन् । त्यसकारण यहाँका विश्वविद्यालय झुर छन् भनेर गएका छन् । यहाँको सरकार झुर छ भनेर गएका हुन् । यो सरकारले काम दिन सकेन भनेको हो । विश्वविद्यालय पनि कमजोर छ तर मूल कुरो त्यो होइन । विश्वविद्यालयमा दलीयकरण कति गम्भीर छ र कति दूरगामी प्रभाव राख्छ भन्ने कुरा बुझ्ने हो भने राजनीतिक पार्टी र सरकारले अब छलफल गर्ने बेला आयो । यसको दूरगामी दुष्प्रभावलाई न्यूनीकरण गर्नका लागि पार्टी र सरकारले के के गर्नुपर्छ, यसबारे छलफल गर्न ढिला भइसक्यो ।

### अब के गर्ने ?

संविधानअनुसार, सक्रिय (संलग्न) नागरिक र पेशागत उत्कृष्टतालाई स्थापित गर्न कस्तो राजनीति र नीतिले सघाउँछ भन्ने कुरा प्रमुख हो । बोर्ड अफ ट्रष्टिज भनेको जराबाट होइन, हाँगाबाट पलाए जस्तो भयो । जरा खोज्ने हो भने यतातिर जानुपर्छ । विश्वविद्यालयको संरचना खासगरी सम्भवत: काठमाडौं विश्वविद्यालय र एमबीबीएस/एमडी पढाउने हेल्थ साइन्सेस् इन्स्टिच्युटहरू बाहेक सम्भवत: अरू सबै विश्वविद्यालयहरूको कुरा गर्दैछु तर मेरो मुख्य रिफरेन्स प्वाइन्ट त्रिभुवन विश्वविद्यालय हो किनकि मैले त्यहीं लामो समय बिताएँ ।

अहिलेको प्रणाली ठिक छैन, बोर्ड र ट्रष्टिज आवश्यक छ । यसलाई अनावश्यक होइन, अर्धसत्य मात्रै भनेको हुँ । तर फेरि पनि त्यो बोर्ड अफ ट्रष्टिजमा को बस्छ भन्ने कुरा महत्वपूर्ण छ । जहिले पनि संरचनाले कुनै पनि संस्थाको स्वार्थ/रुचि पछ्याउनुपर्छ । यताउता ढल्किने भन्दा विश्वविद्यालयको स्वार्थ अनुरूप काम गर्ने हुनुपर्छ । ट्रष्टिज कम्तीमा पनि उसले स्वतन्त्र/आत्मनिर्भर रूपमा केही न केही काम गरेको हुनुपऱ्यो । व्यवसाय होस् वा प्राज्ञिक निकाय, केही गरेर देखाएको हुनुपर्छ, पार्टीको भरिया होइन । बरु अहिले दलगत आबद्धता त्यागेको राजनीतिक दलको कुनै पुरानो नेता नै होस् । कम्तीमा कुनै जमानामा केही त गरेर देखाएको हुनुपर्छ ।

ट्रष्टीका हरेक सदस्यले आत्मनिर्भर रूपले आफ्नो जीवनमा केही उपलब्धि हासिल गरेको मानिस हुनुपऱ्यो । कति पढेको, कति उमेर भन्ने कुराले केही फरक पर्दैन । कुनै व्यवसायमा सफल व्यापारीले कति पढ्यो भन्ने कुराको के अर्थ ? सम्बन्धन प्रणालीलाई १० वर्षभित्र निर्मूल पार्नुपर्छ । अफिलिएटेड युनिभर्सिटी (सम्बन्धन प्राप्त विश्वविद्यालय) खारेज गर्नुपऱ्यो । १० वर्षभित्र कि त्यो क्याम्पस छुट्टै विश्वविद्यालय हुनुपऱ्यो अथवा दुई तीन वटा मिलेर एउटा विश्वविद्यालय सञ्चालन गर्छन् र त्यसमा फरक-फरक विषय पढाउँदा भयो । भौतिक दूरी पनि नजिक भएका क्याम्पसहरूबीच यस्तो हुनसक्छ । त्रिभुवन विश्वविद्यालयले धेरै बच्चा पाउनुपर्छ । यसमा आबद्ध धेरै क्याम्पसलाई विश्वविद्यालय बनाउनुपर्छ । उदाहरणको लागि, पद्मकन्या, रत्नराज्य र त्रिचन्द्र फरक फरक विश्वविद्यालय बनून् । यसो गर्न सकिएन भने पनि त्यहाँ फरक फरक शास्त्रहरू पढाउनुपर्छ । एकै ठाउँमा सबै कुरा पढाउनु आवश्यक हुँदैन ।

मेरो कल्पना, सुरुमा काठमाडौंमा धेरै विश्वविद्यालय होओस् । कम्तीमा एउटा प्रदेशमा एउटा विश्वविद्यालय होस् जसले अरु विश्वविद्यालय बनाउन बीउको काम गरोस् । सिडिङ गरुन् तिनले । अहिले भनिन्छ- त्रिभुवन विश्वविद्यालय राम्रो नभएको एउटा कारण देशभरि छरिएको छ, त्यत्रो कलेजहरूलाई कसरी यसले ह्यायण्डल गर्न सक्छ ? त्यो हो पनि तर यो तर्क व्यवस्थापकीय मात्रै हो । व्यवस्थापकीय कुरा महत्वपूर्ण छ तर यहाँ भन्न खोजिएको मूल कुरा विश्वविद्यालयका शिक्षकहरू स्वतन्त्र हुनुपर्छ भन्ने हो । जसरी नागरिक बलियो खुट्टा भएको स्वावलम्बी हुनुपर्छ, उनीहरू पनि प्राज्ञिक रूपमा दह्रो खुट्टा लिएर आउनुपर्छ । अथवा प्राज्ञिक कर्मको दौरानमा अभ्यास गरेर खुट्टा बलियो बनाउनुपर्छ ।

के पढाउने, किन पढाउने, के समय सान्दर्भिक छ ? विद्यार्थी लगायतसँग छलफल गरेर शिक्षक आफैंले पाठ्यक्रम बनाउन सक्नुपर्छ । सबै कुरा एकैचोटि हुँदैन । तर सिक्न सकिन्छ । हरेक शिक्षकले खास विषयको ज्ञानमा म अगाडि जान्छु भन्ने अठोट गर्ने र उसले त्यो अवसर पनि पाउने स्थिति सिर्जना गर्नुपर्छ । अन्यथा हामीले देशैभरि प्राध्यापकका रूपमा बौद्धिक दास खडा गऱ्यौं । यहाँको मानिसले जे भन्छ, यहाँको बोर्डले जे भन्छ त्यो पढाउने । त्यसैले सम्बन्धन प्रणाली खारेज गर्नुपर्छ ।

विश्वविद्यालयका हरेक शिक्षकले आ-आफ्नो बुद्धि हुर्काउनुपर्छ । यसको थप फाइदा के हो भने एउटै सेट अफ कोर्ष नेपालभरि किन पढाउनु ? कर्णाली, विराटनगर, इलाम, नेपालगञ्ज लगायत ठाउँ अनुसार फरक फरक कोर्ष पढाउनुपर्छ । त्यहाँको स्थानीय, क्षेत्रीय विषयवस्तु पाठ्यक्रममा समावेश गर्नुपर्छ । अहिले त यी सबै कुराहरू सकिए, विलाए । राष्ट्रिय कोर्ष मात्रै भयो ।

देशलाई संघीय बनाए पनि पढाइमा यसको कतै कुनै न प्रतिबिम्बन भयो न बौद्धिक अभ्यास । पाठ्यक्रमले एउटा नेपाल छ मात्रै भन्यो । यसले बहुलता हुर्काएन । नेपालको विविधता हाम्रो कोर्षमा देखिएन । यसको मूल कारण काठमाडौंमा बसेका मानिसहरूले कोर्ष बनाए, अरुले कि पहलकदमी नै लिएनन्, कि पहलकदमी लिने अवसर नै दिइएन । जस्तो कि पूर्वाञ्चलमा अर्थशास्त्र, समाजशास्त्र, भूगर्भशास्त्रमा चिया बगान आदिको पठनपाठन गरौं । चियाको अर्थशास्त्र हुन्छ । त्यहाँ इन्टर्नसिप गऱ्यो, संसार भर अरु ठाउँमा पनि भएको त्यो युनिट खोज्यो । काठमाडौंमा समाजशास्त्रमा आर्किटेक्चर पढाउन सकिएला । तर हाम्रो पाठ्यक्रममा यी विविधता समेटिएनन् । न विविधता भयो न स्वायत्तता, यी न हुँदा पेशागत उत्कृष्टता पनि भएन ।

उल्लेखित काम गर्न दुईवटा जोखिम देखाउने गरिन्छ- खर्च बढ्ने र क्याम्पस बन्द हुने भय । अहिलेकै तरिकाले काम गरेर धेरै विश्वविद्यालय बनाउँदा अलिकति प्रशासनिक खर्च बढ्ला तर शिक्षक त उही हुन् । शिक्षक र प्रशासकलाई लोड बढाउने हो भने खर्च घट्ने सम्भावना पनि छ । अमेरिकाको धनी र ठूला विश्वविद्यालयमा पनि एउटा सेमेस्टरमा दुइटा र अर्कोमा तीनवटा कोर्ष पढाउनुपर्छ भने साना विश्वविद्यालयमा अझ धेरै पढाउनुपर्छ । हार्वर्ड जस्ता दुई-चारवटा विश्वविद्यालयमा मात्रै हो योभन्दा कम पढाउनुपर्ने । त्यो पनि अमेरिकाको । अरु ठाउँमा त अझ धेरै पढाउनुपर्छ ।

दोस्रो, क्याम्पस बन्द हुने भय । सुरुमा क्याम्पसहरूलाई राम्रो हुन दिऊँ । त्यसपछि पनि बन्दै हुने स्थितिमा गए बन्द हुन दिनुपर्छ । सबै अहिलेकै क्याम्पस राख्नुपर्छ भन्ने छैन । क्याम्पस फेल हुनसक्ने सम्भावना छ भनेर आत्मसात् गर्नुपर्छ । तिनलाई सकेजति मद्दत गर्ने हो तर जति गर्दा पनि भएन भने बन्द हुन दिनुपर्छ । अधिकांशत: अर्कोमा गाभ्ने कुरा त हो यो । ती भौतिक रूपमा पनि एकै ठाउँमा हुनुपर्छ । टाढा-टाढाको कुरा छाड्नुपर्छ । पहिला यी कुरा लागू गर्न गाह्रो हुन्थ्यो तर अहिले संघीयता लागू भएको छ भने बलिया शहरहरूको उदय भएको छ । त्यसले अब ती सम्भव हुन्छन् । अहिले बागमतीले यो दौड सुरु गरेको छ । यो संघीयताले दिएको साथको उदाहरण हो ।

### पठनपाठन संस्कृति

विश्वविद्यालयको संरचना परिवर्तन पछि अब पठनपाठन कसरी परिवर्तन गर्ने भन्नेबारे छलफल गरौं । राम्रा विश्वविद्यालयहरूमा सामान्यत: चार वर्षको बीए छ भने दुई वर्ष जस्तो विद्यार्थीले धेरैवटा विषय पढ्छ । कहींकहीं त अनिवार्य पढ्नुपर्छ । इन्जिनियरिङको विद्यार्थीले पनि अर्थशास्त्र लगायतका धेरै विषय पढ्नुपर्छ । अर्थशास्त्रका धेरैवटा कोर्षमध्ये छानेर पढ्नुपर्छ । यो भनेको एउटा ग्र्याजुएट वेल राउण्डेड हुनुपर्छ । आफ्नो विषयमा विशेषज्ञता त गर्नुपऱ्यो । तर पहिलो दुई वर्ष धेरैवटा शास्त्रहरू बारे उसको एक्सपोजर हुनुपर्छ । त्यसैले पनि हो अमेरिकामा कानुन पढ्नेले बीए पास गर्नुपर्छ । पहिले यहाँ पनि गर्नुपर्थ्यो तर अब परेन ।

अमेरिकामा डाक्टर पढ्नुअघि बीए पास गर्नुपर्छ । प्रोफेसनल हुन पहिला सुरुवाती डिग्री चाहिन्छ । ऊ धेरै कुरामा एक्पोज, अनुभवी र परिपक्व हुनुपर्छ । बौद्धिक परिपक्वता हासिल गर्नुपर्छ भन्ने आधारमा त्यो व्यवस्था गरिएको हो । सूचना एकीकृत र विश्लेषण गर्ने क्षमता राख्न तथ्यांकशास्त्र पढ्नुपर्छ । सम्भवत: क्वान्टिटेटिभ एउटा दुइटा कोर्ष पढ्नुपर्ला । निश्चित भाषामा लेखक क्षमता विस्तारका लागि पढ्नुपर्ला । बोलाइ, लेखन भनेको सूचनाको संश्लेषण गर्ने तरिका सिक्नुपऱ्यो । जुन विषय पढे पनि कन्भिन्सिङ आर्गुमेन्ट (विश्वसनीय तर्क) गर्न सिक्नुपऱ्यो ।

इन्जिनियर छ, नाप्न बाहेक अरु केही जानेको छैन भने काम भएन । सहसचिवसँग बसेर नीतिको कुरै गर्न सक्दैन । सडकको इन्जिनियरलाई नेपालको सडक नीति र सडकको अर्थशास्त्र अत्तोपत्तो भएन भने के काम ? त्यसैले धेरै शास्त्रहरू पढ्यो भने फराकिलो ज्ञान हुन्छ । विश्वविद्यालय भन्ने नाम कसरी रह्यो ? विश्वविद्यालय र विश्वको एउटै रुट छ । सादृश्य छ । त्यसैले विश्वविद्यालय भनेको स्थानीय कुरा मात्रै पढ्ने ठाउँ होइन । विश्वविद्यालयको ग्र्याजुएटले विश्वको बारेमा थाहा पाउनुपऱ्यो ।

विश्वको विकासक्रम, इतिहास, अहिलेको स्वरूप दुई वर्षमै थाहा पाउन सकिंदैन । तर लक्ष्य त्यता हुनुपऱ्यो । उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थी स्थानीय ज्ञान उत्पादन र उपभोगमा मात्र सीमित हुनुहुँदैन । यसरी विश्वविद्यालयले विश्वको बारेमा पढाइ गर्नुपर्छ । विश्व र स्थानीयलाई एकाकार गर्न सिक्नुपर्छ । आफू र विश्वलाई जोड्न सिक्नुपर्छ । म एकजना विश्वसँग कसरी जोडिएको छु ? सँगै म एउटा जैविक प्राणी पनि हुँ । जैविक अवयवहरू छन् । मेरो मन पनि छ, एकप्रकारले मनोविज्ञान भनौं त्यसलाई । म एउटा समाजमा बस्छु । रसायन, भौतिकशास्त्र आदिसँग पनि म जोडिएको छु । मेरो फोन कहिलेकाहीं खसेर फुट्छ, यो गुरुत्वाकर्षणको कारण होला । सबै कुरा भौतिक, रसायनिक, जैविक, वैयक्तिक, सामाजिक सबै कुरा हो । त्यसरी चिन्न थाल्नुपर्छ । ज्ञानको पूर्णता त्यसबाट आउँछ ।

*(साभार: अनलाइनखबर)*

# १० हजार मेगावाट विद्युत् निर्यातको ढोका त खुल्यो, तर कसरी ?

काठमाडौं/नेपाल र भारतबीच दीघर्कालीन ऊर्जा व्यापार सम्झौतामा हस्ताक्षर भएसँगै नेपालबाट १० वर्षमा १० हजार मेगावाटसम्म विद्युत् निर्यातको ढोका खुलेको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको भारत भ्रमणका सिलसिलामा १७ जेठमा नेपाल र भारतबीच २५ वर्षका लागि भारतसँग दीर्घकालीन विद्युत व्यापार सम्झौता (लङ्टर्म पीपीए)मा प्रारम्भिक सम्झौतामा हस्ताक्षर भएको थियो ।

सो सम्झौता भारत सरकारबाट अनुमोदन भएसँगै बिहीबार भारतीय विदेशमन्त्री एस जयशंकर र ऊर्जामन्त्री शक्ति बस्नेत तथा परराष्ट्रमन्त्री एनपी साउदको उपस्थितिमा नेपाल र भारतका ऊर्जासचिव क्रमश: गोपालप्रसाद सिग्देल र पंकज अग्रवालले हस्ताक्षर गरे ।

ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालयका प्रवक्ता नविनराज सिंहका अनुसार नेपाल-भारत दीर्घकालीन विद्युत व्यापार सम्झौतामा आपसी हित हुने गरी नेपाल-भारत बीच दीर्घकालीन विद्युत व्यापार गर्न आवश्यक कदम चाल्ने, क्षेत्रीय व्यापारलाई अझ वृद्धि गर्ने र दुई मुलुकबीच विद्यमान, कार्यान्वयनमा रहेका र प्रस्तावित अन्तरदेशीय प्रसारण लाइनलाई अधिकतम् उपयोग गर्ने विषय उल्लेख छ ।

दुबै पक्षबीच १० वर्षमा विद्युतको निर्यातको परिमाण १० हजार मेगावाटसम्म पुऱ्याउने र यसका लागि आवश्यक विद्युत उत्पादन तथा प्रसारण संरचनाको निर्माण र विकास गर्ने उल्लेख सम्झौतामा उल्लेख छ ।

यो सम्झौताको अवधि २५ वर्ष रहेको छ । हरेक १० वर्षमा स्वत: नवीकरण हुने समेत सम्झौतामा उल्लेख छ । सम्झौताको अवधि वा द्विपक्षीय व्यापारको परिमाण थप गर्नु परेमा प्रसारण लाइनका आधारमा कुनै पक्षले पेश गरेको आधारमा दुई मुलुकबीच गठन हुने वर्किङ ग्रुपले गरेबमोजिम हुने समेत सम्झौतामा उल्लेख छ ।



### कसरी हुन्छ १० वर्षमा १० हजार मेगावाट विद्युत् ?

भारतसँग १० वर्षमा १० हजार मेगावाट विद्युत् निर्यातको सम्झौता हुनेबित्तिकै निर्यात भइहाल्ने होइन । त्यसका लागि मूलत: तीनवटा पूर्वाधार आवश्यक छ ।

पहिलो- निर्यातका लागि पर्याप्त विद्युत उत्पादन हुनुपर्छ । हाल नेपालको कुल विद्युत्को उत्पादन क्षमता २८ सय ९२ मेगावाट छ । यो विद्युत् पनि हिउँदको बेलामा करिब आधा मात्रै उत्पादन हुन्छ । यस्तो अवस्थामा नेपालले अधिकतम् नेपालले करिब ७ सय मेगावाट विद्युत् निर्यात गर्न सकेको छ ।

विद्युत् निर्यातका लागि अब थप परियोजनाहरु तीव्र रुपमा सम्पन्न गर्नुपर्ने ऊर्जा मन्त्रालयका प्रवक्ता सिंह बताउँछन् । 'विद्युत् विकास विभागबाट ९ हजार मेगावाटका आयोजनाको निर्माणको लाइसेन्स जारी भइसकेको छ । थप ११ हजार मेगावाटका परियोजनाले निर्माण अनुमति लागि निवेदन दिएका छन्,' उनले भने, 'त्यसो हुँदा आगामी १० वर्षभित्र २० हजार मेगावाट उत्पादन क्षमता पुग्ने अनुमान गरिएको छ ।'

दोस्रो- यी परियोजना सम्पन्न हुनका लागि लगानी आवश्यक हुन्छ । कुनै पनि विद्युत् परियोजनाको विद्युत खरिद सम्झौता हुन सकेन भने लगानी व्यवस्थापन गर्न सकिँदैन । पीपीए हुनका लागि बजारको सुनिश्चित हुनुपर्छ ।

नेपाल विद्युत् प्राधिकरणले लामो समयदेखि आयोजनाहरुको विद्युत् खरिद सम्झौता रोकेर राखेको छ । भारतसँगको दीर्घकालीन सम्झौता भएपछि अब आयोजनाहरुको पीपीए हुने र त्यसले आयोजनाहरुमा लगानी जुट्ने विश्वास पनि प्रवक्ता सिंहको छ ।

दीर्घकालीन विद्युत व्यापार सम्झौतमा नै दुवै सरकारले विद्युत् उत्पादन र प्रसारणमा लगानी बढाउने उल्लेख छ । 'यसले अब नेपालको विद्युत् उत्पादनमा मात्रै होइन, प्रसारणमा पनि भारतको लगानी बढ्ने र त्यसले परियोजनाहरु सम्पन्न भई थप विद्युत् निर्यातको सम्भावनालाई नजिक ल्याउनेछ,' सिंहले भने ।

तेस्रो- १० हजार मेगावाट विद्युत् निर्यातका लागि पर्याप्त अन्तरदेशीय प्रसारणलाइनहरु पनि आवश्यक छ ।

हाल नेपाल र भारतबीच ४०० केभी क्षमताको एउटा मात्रै ढल्केबर-मुजफ्फरपुर ट्रान्समिसन लाइन छ । यसबाट १ हजार मेगावाट विद्युत् निर्यात गर्न सकिन्छ । त्यसो हुँदा ट्रान्समिसन लाइन विद्युत् निर्यातको अवरोधक बन्न सक्छ ।

तर, अहिले पाइपलाइनमा रहेका परियोजनाहरु समयमै सम्पन्न हुँदा त्यो समस्या नहुने सिंह बताउँछन् । 'न्यू बुटवल-गोरखपुर ४ सय केभी डबल सर्किट प्रसारण लाइन दुई वर्षमा सम्पन्न हुने अपेक्षा छ, त्यसबाट थप २ हजार मेगावाट विद्युत् निर्यात गर्न सकिन्छ,' उनले भने, 'अरुण तेस्रो परियोजनाको विद्युत् निर्यातका लागि ढल्केबर-सीतामडी ४ सय केभीए डबल सर्किट प्रसारण लाइन तीन-चार महिनामा चार्ज हुँदै छ । त्यसबाट पनि २ हजार मेगावाट निर्यात गर्न सकिन्छ, एसजेभीएनसँग सम्झौता गरी त्यो प्रयोगको ढोका खोल्न सकिन्छ ।'

एसजेभीएनका तल्लो अरुण र अरुण चार परियोजना सम्पन्न हुन अझै पाँच-७ वर्ष लाग्ने भएकाले त्यसबेलासम्मका लागि पनि त्यो लाइन उपयोग गर्न सकिने उनले बताए ।

यसका अतिरिक्त इनरुवा-पूर्णिया ४ सय केभी दोधारा-बरेली ४ सय केभी प्रसारण लाइन पनि सन् २०२८ र २९ मा सम्पन्न हुने गरी काम भइरहेकाले प्रसारण लाइनको अभावमा विद्युत् निर्यात नरोकिने विश्वास रहेको उनले बताए ।

'हामीसँग हरेक करिडोरमा उच्च क्षमताको प्रसारण लाइन हुनेछ, प्रसारण लाइनमा भारतको थप लगानी पनि आउन सक्छ,' उनले भने, 'त्यसो हुँदा पूर्वाधारको अभावमा निर्यात रोकिने अवस्था आउँदैन ।'

भारतले सन् २०३० भित्र ५ लाख मेगावाट नवीकरणीय ऊर्जा पुऱ्याउने लक्ष्य राखेको र त्यसमा जलविद्युत्को हिस्सा ठूलो हुनुपर्ने भएकाले त्यो नेपालका लागि अवसर रहेको सिंहले बताए ।

'सन् २०७० सम्म नेटजिरो कार्बन इमिसन गर्ने प्रतिबद्धता भारतले गरेको छ । त्यसका लागि थर्मल प्लान्ट बन्द गर्दै जानेछ, जसले नेपालको विद्युत्को माग बढाउने छ,' उनले भने ।

### नेपालले मागको छ बजारको थप विकल्प

नेपालले भारतमा बिजुलीको थप बजार पनि मागेको उनले बताए । 'विगतमा भारतसँग दुई पक्षीय सम्झौतामा विद्युत् निर्यात भइरहेको थियो, अहिले खुला बजारमा डे-अहेड बजारमा निर्यात भइरहेको छ,' उनले भने । अब नेपालले दीर्घकालीन रुपमा रियल टाइम बजारमा पहुँच मागिरहेको उनले बताए । त्यसका अतिरिक्त ग्रिन डे अहेड मार्केट पनि मागिरहेका छौं,' उनले भने ।

भारतले भविष्यमा नेपालमा विद्युत्को विकास कसरी हुन्छ, त्यसका आधारमा बजारको विकल्प दिँदै जाने आश्वासन दिएको पनि उनले बताए ।

### चिनियाँ लगानीका आयोजनाप्रति भारतको दृष्टिकोण बदलिएला ?

भारतले चिनियाँ लगानी भएका मात्रै होइन, चिनियाँ ठेकेदारले काम गरेका परियोजनाबाट पनि अहिलेसम्म विद्युत् आयात गरेको छैन । यस्तो अवस्थामा नेपालका धेरै आयोजनामा चिनियाँ ठेकेदारले काम गरेको हुँदा त्यसले विद्युत् निर्यातमा अवरोध आउने सम्भावना छ । सरकारकै लगानीको माथिल्लो तामाकोसी परियोजनाको विद्युत् पनि चिनियाँ ठेकेदारले काम गरेको भन्दै भारतले आयातको अनुमति दिएको छैन ।

'तामाकोसीको ठेक्कामा ग्लोबल प्रतिस्पर्धाका आधारमा चिनियाँ ठेकेदार आएको, आयोजना नेपालले नै बनाएको भनेपछि त्यसको विद्युत् लिन उनीहरु सकारात्मक बनेका छन्,' उनले भने, 'अन्य परियोजनामा पनि यही ढंगले अघि बढे पनि त्यो समस्या पनि हुँदैन ।'

### निजी क्षेत्रलाई भारतले खोल्यो, नेपालकै कानूनले रोक्यो

भारतसँगको दीर्घकालिन पीपीए अनुसार निजी क्षेत्रले पनि भारतमा विद्युत बिक्री गर्न सक्छन् । तर, लगानीकर्ता नेपाली वा भारतीय हुनुपर्छ । यसले चिनियाँ लगानीकर्तालाई भने निरुत्साहित गर्छ ।

सम्झौताअनुसार नेपालको निजी क्षेत्र आफैँले भारतमा विद्युत् निर्यात गर्न पाउनेछ । तर, नेपालकै विद्युत् ऐनले भने निजी क्षेत्रलाई विद्युत् व्यापार र निर्यात गर्न प्रतिबन्ध लगाएको छ । नयाँ ऐन बनाएर यो व्यवस्था तुरुन्त सच्याउनुपर्ने स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था (इपान)का अध्यक्ष गणेश कार्की बताउँछन् ।

निजी क्षेत्रले विद्युत् प्राधिकरणको प्रसरण लाइन प्रयोग गरेर विद्युत् निर्यात गर्न सक्ने वातावरण बनाउन ह्विलिङ चार्ज तोकिनुपर्छ । यो तोक्ने जिम्मेवारी कानूनले विद्युत् नियमन आयोगलाई दिएको छ । ऊर्जा मन्त्रालयले आयोगलाई पत्र लेखी ह्विलिङ चार्ज तोक्न अनुरोध गरिसकेको प्रवक्ता सिंहले बताए ।

### निजी क्षेत्र उत्साहित, उत्पादन बढाउनुपर्ने चुनौती

नेपाल र भारतबीचको ऐतिहासिक सम्झौतालाई सरोकारवालाले ऊर्जा विकासको कोशेढुंगा भएको बताएका छन् । स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था इप्पानका अध्यक्ष गणेश कार्की यो सम्झौता ऊर्जा विकास तथा अर्थतन्त्रका लागि ऐतिहासिक भएको भन्दै अब उत्पादन बढाउने चुनौती रहेको बताउँछन् ।

'नेपालले उत्पादन गर्न सकेको खण्डमा १० हजार मेगावाट निर्यात गर्न १० वर्ष नै कुर्नुपर्दैन,' उनी भन्छन्, 'अहिले हामीसँग २९ सय मेगावाट मात्र विजुली छ, अब सरकारको ध्यान उत्पादनमा केन्द्रित हुनुपर्छ ।'

एउटा आयोजनाको कागज मिलाउन मात्र ५ वर्ष लाग्ने परिपाटीले ऊर्जा विकास नहुने भन्दै उनले अब सरकारले लगानीमैत्री कानून बनाएर आयोजना कार्यान्वयनमा तीव्रता दिनुपर्ने बताए ।

सरकारले विद्युत विधेयक बनाइरहेको छ । यसलाई सकेसम्म लगानीमैत्री बनाउनु पर्ने भन्दै उनले वन, जग्गा प्राप्तिदेखि आयोजनामा रहेका उल्झनहरूलाई सल्टाउन भूमिका खेल्नु पर्ने उनले बताए । नेपाल र भारतबीचको ऊर्जा सहकार्यसम्बन्धी २५ वर्षे सम्झौताले नेपालको जलविद्युतमा तेस्रो मुलुकको लगानी भित्राउन समेत महत्वपूर्ण सावित हुनेछ ।

### वार्षिक करिब ९ खर्बको विद्युत् निर्यातको सम्भावना

नेपालले १० वर्ष भित्र वार्षिक १० हजार मेगावाट सम्म विजुली बेच्न सके प्रतियूनिट १० रुपैयाँका दरले बेच्दा समेत वार्षिक ८ खर्ब ७६ अर्ब रुपैयाँसम्मको विजुली निर्यात गर्न सक्छ । वर्षैभर यो परिमाणको विद्युत निर्यात गर्न नेपालको उत्पादन क्षमता २५ हजार मेगावाट सम्म पुग्नु पर्छ । जुन नेपालको जलविद्युत क्षेत्रको कायापलट हुने अवस्था हो ।

सन् २०१४ मा नेपाल र भारतबीच ऊर्जा व्यापार सम्झौता (पीटीए) भएको थियो । त्यसपछि २०७८ चैत १८ देखि २० सम्म तत्कालिन प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमणमा दौरान ऊर्जा क्षेत्रमा सहकार्य सम्बन्धी संयुक्त दृष्टिकोण पत्रमा हस्ताक्षर भएको थियो । सोही पीटीएमा आधारित भएर जारी भएका निर्देशिका र कार्यविधि बमोजिम भारतसँग बिजुलीको व्यापार हुन्छ ।

अहिले भारतको केन्द्रीय विद्युत प्राधिकरणले प्रतिस्पर्धी बजारमा ५२२ मेगासम्म निर्यात गर्न स्वीकृति दिएको छ । उता, मध्यमकालीन विद्युत सम्झौता बमोजिम भारतीय कम्पनी एनटीपीसी विद्युत व्यापार निगम लिमिटेडसँग ११० मेगावाट सम्म निर्यात गर्ने समझदारी भइसकेको छ । यसरी नेपालबाट ६३२ मेगावाट विद्युत निर्यातका लागि भारतले स्वीकृति दिइसकेको छ ।

यस वर्षायाममा मात्र नेपालले विद्युत निर्यातबाट १५ अर्ब २४ करोड रुपैयाँ आर्जन गरेको छ । नयाँ समझदारीले दीर्घकालिन व्यापारको बाटो खोल्ने छ । नेपाल विद्युत प्राधिकरणमार्फत अहिले प्रतिस्पर्धामार्फत भारतको डे-अहेड बजारमा गरिरहेको विद्युत व्यापारलाई दीर्घकालिन व्यापार सम्झौताले सहज बनाउने छ । प्रतिस्पर्धी बजारमा बिजुली बेच्दा औसत: मूल्य कम आउने गर्छ ।

नेपालले भारतसँग लामो समयदेखि दीर्घकालिन विद्युत व्यापार सम्झौताको प्रस्ताव गरे पनि भारत सकारात्मक नहुँदा कार्यान्वयनमा आउन सकेको थिएन । प्रधानमन्त्री प्रचण्डको भ्रमणमा समेत भारतले यस विषयलाई पन्छाउन खोजेको थियो । तर, प्रधानमन्त्री प्रचण्डले यो सम्झौता नगर्ने भए अन्य सम्झौता पनि नलिने अडान लिएसँगै प्रारम्भिक सम्झौतामा हस्ताक्षर भएको थियो ।

*(स्रोत: अनलाइनखबर)*

# 'उपहार'को 'मुटुको चार आना' गीतलाई चल्नै सकस

काठमाडौं/फिल्मको चर्चाका लागि गीतको लोकप्रियता अनिवार्यझैं मानिन्छ । गीत चल्दा फिल्मको व्यापारमा फाइदा पुग्ने विश्वासमा मेकरमा छ । यसैले कमर्शियल फिल्मका गीतको अडियो र भिडियोमा ठूलो खर्च गरिन्छ । सेट निर्माणदेखि कोरससम्म सम्झौता नगरी गीत खिच्दा भिडियोमा मात्र १५ लाख बढी खर्च हुने गरेको छ । तर, धेरै गीतमा भएको लगानी बालुवामा पानी खन्याएझैं भैरहेको छ ।



आगामी फागुन २५ गतेबाट प्रदर्शनमा आउन लागेको 'उपहार'को गीतमा पनि ठूलो खर्च गरिएको छ । फिल्ममा तीनवटा गीत छन्, जसमा निर्माताले ६० लाख खर्च गरेको बताइन्छ । तर, खर्च र स्टारकास्टअनुसार फिल्मको गीत अपेक्षाकृत चल्न सकेको देखिएको छैन । फिल्मको पहिलो गीत 'वाह् वाह् वाह्' ठीकठाक चल्यो । दुई महिनाको अवधिमा यो गीतलाई युट्युबमा ४४ लाख भ्यूज छ ।

एक हप्ताअघि फिल्मको दोस्रो गीत 'मुटुको चार आना' सार्वजनिक गरियो । फिल्ममा रेखा थापा, पूजा शर्मा, बेनिशा हमाल, किरण केसी, राजाराज पौडेल आदिको नृत्य छ । भिडियो हेर्दा खर्चमा सम्झौता गरिएको देखिन्न । तर, गीतलाई भने युट्युबमै चल्न सकस देखिएको छ । एक हप्तामा गीतलाई साढे ७ लाख भ्यूज छ । नाम चलेका कलाकारहरुको लाइनअपको अगाडि यो भ्यूज न्यून हो ।

गीतप्रति दर्शकको आकर्षण दुई कारणले हुने गर्छ । पहिलो, कलाकारको लाइनअप । नाम चलेका कलाकार हुँदा गीतप्रति दर्शक झुम्मिन्छन् । त्यसले पनि गीतलाई उठाउन सघाउँछ । दोस्रो, अडियो । गीत चल्न अडियो नै सशक्त हुनुपर्छ भनिन्छ । 'उपहार'को 'मुटुको चार आना' गीत अडियोमै चुकेको छ । कोरियोग्राफी पनि परम्परागत शैलीको हुँदा कलाकारहरुको नृत्य फिक्का देखिन्छ ।

कुनै समय रेखालाई गीत छनोटमा राम्रो ज्ञान भएको अभिनेत्री भनिन्थ्यो । उनले निर्माण र अभिनय गरेका धेरै फिल्मका गीत चर्चित छन् । 'उपहार'का लागि छनोट गरिएका गीतको हकमा भने रेखा चुकेकी देखिन्छिन् ।

अब फिल्मको तेस्रो गीत कस्तो आउँछ, त्यो प्रतिक्षाको विषय बनेको छ । गीतले फिल्मको अपेक्षाकृत माहोल बनाउन नसकेको भए पनि 'स्टारकास्ट'का कारण चर्चा राम्रो छ ।

# 'बेहुली फ्रम मेघौली'मा काम गर्दै स्वस्तिमा

काठमाडौं/यस वर्षको तिहार छेको पारेर प्रदर्शनमा आएको फिल्म 'दिमाग खराब'को सफलतापछि अभिनेत्री स्वस्तिमा खड्का नयाँ फिल्मको तयारीमा जुटेकी छन् । 'बेहुली फ्रम मेघौली' शीर्षकको फिल्ममा उनले मुख्य भूमिकामा काम गर्न लागेका हुन् । लेखकको रुपमा स्थापित आकाश बराल र सजन काफ्लेको संयुक्त निर्देशन रहने फिल्मको छायांकन आगामी चैतबाट सुरु गर्ने तयारी गरिएको छ ।



यतिबेला निर्देशक र कलाकारको टिम लोकेशन हन्टिङका लागि चितवनको मेघौली गाउँमा छ । फिल्मको कथाको उठान मेघौली गाउँबाट हुने निर्देशक बरालले जानकारी दिए । उनले 'बेहुली फ्रम मेघौली'लाई वर्किङ टाइटल राखेर काम अगाडि बढाइएको भए पनि पछि शीर्षक परिवर्तन हुनसक्ने बताएका छन् । यो फिल्ममा निर्देशक निश्चल बस्नेतको पनि अभिनय रहने सम्भावना उच्च छ ।

निश्चलको ब्यानर ब्ल्याक हर्स पिक्चर र मेघौली फिल्म्सको संयुक्त भेन्चरमा बन्न लागेको फिल्मलाई आकाश र सजन स्वयंले लेखेका हुन् । दुवैले यही फिल्मबाट निर्देशनमा डेब्यू गर्न लागेका हुन् । आकाशले 'स्पर्श' नामक पुस्तक समेत बजारमा ल्याइसकेका छन्, जुन युवापुस्तामा लोकप्रिय मानिन्छ । उनले 'दिमाग खराब'सहित आधा दर्जनभन्दा बढी नेपाली फिल्मको स्क्रिप्ट लेखिसकेका छन् ।

स्वस्तिमा यस वर्ष 'बेहुली फ्रम मेघौली'मा मात्र काम गर्ने योजनामा रहेको बताइन्छ । उनले केही समयअघि आफैंले फिल्म निर्माण गर्न लागेको बताएकी थिइन् । उनी निर्माता रहने फिल्म यही हो । शीर्षकले फिल्ममा उनी बेहुलीको भूमिकामा हुनसक्ने संकेत गर्छ । उनी फिल्मलाई लिएर उत्साहित देखिएकी छन् । निर्देशक बस्नेत भने फिल्ममा मुख्य या त केमियो भूमिकामा देखिन सक्नेछन् ।

# अलपत्र नीतिको फिल्म डेब्यू

काठमाडौं/सौन्दर्य प्रतियोगिताको जगमा उभिएर धेरैले फिल्ममा डेब्यूको अवसर पाएका छन् । यो सूचीमा प्रियंका कार्कीदेखि सृष्टि श्रेष्ठसम्म पर्छन् । तर, एकाधको मात्र फिल्ममा राम्रो करिअर बनेको देखिन्छ । तर पनि सौन्दर्य प्रतियोगिताको बाटो भएर फिल्ममा प्रवेश गर्नेको संख्या घटेको छैन । सन् २०१७ की 'मिस इन्टरनेशनल' नीति शाह पनि यतिबेला फिल्ममा भविष्य बनाउने प्रयासमा छिन् ।



'मिस इन्टरनेशनल' भएपछि उनको सुन्दरताको चर्चा चुलिँदा फिल्म अफर पनि चुलिएको थियो । कयौन् प्रतिष्ठित ब्यानरले उनलाई फिल्म अफर गरेका थिए । त्यसबेला उनले फिल्ममा काम गर्ने इच्छा नै देखाइनन् । जब फिल्म गर्न तयार भइन्, तबदेखि उनको डेब्यू नै अलपत्र परेको छ । उनले 'ब्याक टू ब्याक' फिल्म सम्झौता गरिरहेको भए पनि अभिनेत्री बन्ने सपना पूरा हुन सकेको छैन ।

उनले सबैभन्दा पहिला फिल्म 'हुतुतु' सम्झौता गरेकी थिइन् । यसपछि 'एक्स ९'मा जोडिइन् । तर, यी दुवै फिल्म निर्माण हुने संकेत नदेखेपछि उनले डेब्यूका लागि 'कामिनो' छनोट गरिन् । यो फिल्मको पनि बन्न सकेन । यसपछि नीतिले निर्देशक सुदर्शन थापाको फिल्म 'रावायण' रोजिन् । तर, अन्तिम समयमा अभिनेता अनमोल केसीले हात झिकेपछि यो फिल्म पनि निर्माण हुन सकेको छैन ।

चारवटा फिल्म सम्झौता गर्दा समेत नीतिको डेब्यू अन्योलग्रस्त छ । स्रोतका अनुसार, यतिबेला उनले 'रावायण' नै पर्खिरहेकी छन् । निर्देशक थापाले अर्को अभिनेता लिएर फिल्म बनाउन लागेको चर्चा छ । तर, सम्झौता गरेका हरेक फिल्म समस्यामा अल्झिरहँदा फिल्मप्रति उनको रुचि नै डगमगाउन थालेको छ । त्यसो त नीतिको अधैर्य स्वभावले डेब्यू अलपत्र परेको समेत टिप्पणी हुने गर्छ ।

# निजी स्कुल कायमै राख्न सहमत, जिशिका खारेज गर्नुपर्ने माग

काठमाडौं/ गाउँपालिका राष्ट्रिय महासंघ र नगरपालिका संघले संविधानअनुसार माध्यमिक शिक्षाका सम्पूर्ण अधिकार स्थानीय तहलाई दिने गरी शिक्षा विधेयक संशोधन गर्न माग गरेका छन् । तर निजी विद्यालय सञ्चालकले चाहे मात्रै 'सार्वजनिक शैक्षिक गुठी'मा रुपान्तरित हुने प्रस्तावमा भने सहमति जनाएका छन् ।

'विद्यालय शिक्षा विधेयक २०८०' माथि छलफल गरिरहेको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले बिहीबार गाउँपालिका महासंघ र नगरपालिका संघका पदाधिकारीहरुलाई बोलाएको थियो । छलफलका क्रममा स्थानीय सरकारहरुको तर्फबाट विधेयकमा गर्नुपर्ने संशोधनबारे लिखित रुपमै पेश गरेका छन् ।

नगरपालिका संघका अध्यक्ष भीमप्रसाद ढुंगाना र गाउँपालिका राष्ट्रिय महासंघकी अध्यक्ष लक्ष्मीदेवी पाण्डेले संयुक्त रुपमा समितिमा बुझाएको प्रस्तावमा निजी विद्यालय सार्वजनिक शैक्षिक गुठीमा रुपान्तरित हुने विषयमा केही बोलिएको छैन । छलफलका क्रममा पनि दुबैले यसबारे केही बोलेनन् ।

निजी विद्यालय सार्वजनिक शैक्षिक गुठीमा जाने विषय स्वेच्छिक बनाउने विधेयकको प्रस्तावमा मौन बस्ने सहमति भएको नगरपालिका संघका अध्यक्ष ढुंगाना बताउँछन् । 'हाल सञ्चालनमा रहेका निजी स्कुलका सन्दर्भमा संघीय सरकारको एउटा एप्रोच आएको छ । यसमा थप छलफल होला', संघका अध्यक्ष ढुंगानाले भने, 'हामीले चाहिँ धेरै ब्याख्या गर्नेभन्दा हामी निजी विद्यालय सञ्चालनलाई तत्काल निरुत्साहित नगरौं भन्नेमै छौं ।'

सुरुमा यो विधेयकमा हाल सञ्चालनमा रहेका निजी विद्यालयहरु ५ वर्षभित्र 'सार्वजनिक शैक्षिक गुठी' मा रुपान्तरित हुनुपर्ने उल्लेख थियो । तर निजी विद्यालय सञ्चालकहरुले विद्यालय बन्द गरेर आन्दोलन गर्ने घोषणा गरेपछि सरकार पछि हट्यो ।

२७ भदौ २०८० मा शिक्षामन्त्री अशोककुमार राईले प्रतिनिधि सभामा दर्ता गरेको विद्यालय शिक्षा विधेयकमा अब खुल्ने निजी विद्यालय शैक्षिक गुठी अन्तर्गत स्थापना र सञ्चालन हुने भनिएको छ । तर हाल सञ्चालनमा रहेका निजी स्कुलहरुलाई भने शैक्षिक गुठीमा जाने नजाने ऐच्छिक छोडिएको छ । दफा ५(३) मा भनिएको छ, 'यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कम्पनी कानुन बमोजिम स्थापना भई सञ्चालनमा रहेका संस्थागत विद्यालय यो ऐन प्रारम्भ भएपछि शैक्षिक गुठीको रुपमा रुपान्तरण गरी सञ्चालन गर्न सकिनेछ ।'

संघका अर्का एक पदाधिकारीका अनुसार निजी स्कुललाई यति वर्षभित्र सार्वजनिक शैक्षिक गुठीमा रुपान्तरण हुनुपर्ने भनी समय तोक्नसक्ने अवस्था नभएको नगरपालिका संघ र गाउँपालिका महासंघको निष्कर्ष छ ।

'यस अगाडि सरकारले पाँच वर्षभित्र गुठीमा जानुपर्ने गरी विधेयकको मस्यौदा तयार पारेलगत्तै त्यसको प्रभाव देखिएको थियो । निजी स्कुल संचालकले राजनीतिक पहुँच समेतका आधारमा पाँच वर्षे प्रावधान हटाएका थिए', ती पदाधिकारी भन्छन्, 'यसकारण हामीले यस सन्दर्भमा बोल्ने आँट गर्न सकेनौं ।'

गाउँपालिका महासंघ र नगरपालिका संघले सार्वजनिक गुठी अन्तर्गत सञ्चालित विद्यालय कुनै कारणले बन्द भए वा संचालन हुन नसके त्यस्तो विद्यालयको चल अचल सम्पत्ति भने स्थानीय तहको हुनुपर्ने माग भने अघि सारेका छन् ।

प्रस्तावित विधेयकमा संघीय सरकारको हुने भनिएको छ । यसलाई बदलेर त्यस्तो चल अचल सम्पत्ति स्थानीय तहले अर्को कुनै सार्वजनिक विद्यालय वा सार्वजनिक शैक्षिक संस्थाको प्रयोगमा ल्याउन सक्ने व्यवस्थाका लागि सुझाइएको छ ।

### विधेयकको नाममै आपत्ति

गाउँपालिका महासंघ र नगरपालिका संघले प्रस्तावित विधेयकको नाममै आपत्ति जनाएका छन् । 'विद्यालय शिक्षा (आधारभूत र माध्यमिक शिक्षा) स्थानीय सरकारको एकल अधिकार भएको र त्यसको प्रयोग नेपालको संविधान र गाउँ तथा नगर सभाले बनाएको कानुन बमोजिम हने भन्दै उनीहरुले विधेयकको नाम 'विद्यालय शिक्षाको मापदण्ड सम्बन्धी ऐन' भनी संशोधन गर्न माग गरेका छन् । प्रस्तावित विधेयकको ऐनको नाम 'विद्यालय शिक्षा ऐन २०८०' रहने भनिएको छ । गाउँपालिका महासंघ र नगरपालिका संघले विद्यालयको प्रधानाध्यापक छनोट स्थानीय तहको अधिकार भएको बताएका छन् ।

*(स्रोत: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*



**बालबालिकालाई न्यानो ज्याकेट** : मकवानपुरको मनहरी गाउँपालिका-४ र ३ का ५ वटा विद्यालयमा अध्ययन गर्ने २३३ जना बालबालिकालाई विकासका लागि सहयोग र सहकार्य (हेल्पकोड) नेपालको सहयोगमा ज्याकेट बितरण गरिएको छ । बुधबार र बिहीबार चेपाङ प्राविका ५१ जना, सृजना प्राविका ५१ जना, पशुपतिनाथ माविका ९५ जना, वनकरिया शिशुकक्षाका ५ जना, वडा नं ३ को नवज्योति प्राविका ३१ जना बालबालिकालाई न्यानो ज्याकेट उपलब्ध गराइएको हो । *तस्बिर: साझाकुरा*

# दुई विद्यालयका एकसय विद्यार्थीलाई न्यानो कपडा

साझाकुरा संवाददाता

हेटौंडा, १९ पुस/ मकवानपुरको उत्तरीक्षेत्रस्थित थाहा नगरपालिकामा रहेका दुईवटा विद्यालयका एकसय जना विद्यार्थीलाई लायन्स क्लव अफ काठमाडौं आरम्भ देउरालीले न्यानो कपडा वितरण गरेको छ ।

क्लवले बिहीवार लायन्स क्लव अफ थाहा पिससँगको सहकार्यमा थाहा नगरपालिका-१ स्थित झम्केश्वरी माविको प्राथमिक तहमा अध्ययनरत ८६ जना र थाहा-४ रुप्सेस्थित महाकाल प्राविका १४ जना विद्यार्थीलाई सम्बन्धित विद्यालयको नाम अंकित ट्रयाकसुट वितरण गरेको हो । महाकालका विद्यार्थीलाई जुत्ता र मोजासमेत वितरण गरिएको थाहा पिसका अध्यक्ष गीता कार्कीले जानकारी दिएकी छन् ।




न्यानो कपडा वितरण कार्यक्रममा लायन्स क्लव अन्तरास्ट्रिय ३२५ एम नेपालका डिष्ट्रिक गभर्नर भीमलाल पौड्याल, सेकेन्ड भाइस डिष्ट्रिक गभर्नर धनीराम बराल, पिएमसिसि गिरिधारि शर्मा, पिआर ओ इन चिफ दीपक खरेल, डिष्ट्रिक चिफ गीता शर्मा, काठमाडौं आरम्भ देउरालीका अध्यक्ष पूर्णिमा शर्मा, पूर्वअध्यक्षहरु कल्पना घिमिरे, शान्ता पान्डे, दुर्गा केसी, थाहा पिसका संस्थापक अध्यक्ष सुरेन्द्रमान प्रधान, अध्यक्ष गीता कार्की र निवर्तमान अध्यक्ष जयराम खत्रीको उपस्थिति थियो ।

वितरण कार्यक्रममा झम्केश्वरी माविका प्रधानाध्यापक गणेशमान श्रेष्ठले विद्यालयमा एउटा शौचालयको आवश्यक रहेको बताए । उनले लायन्सका डिष्ट्रिक गभर्नर पौड्याललाई प्रस्तावनापत्र समेत बुझाए । कार्यक्रमको अवसरमा आरम्भ देउरालीका संस्थापक अध्यक्ष चापागाईले आफ्नो क्लबले नियमित रुपले थाहा पिससँग सहकार्य गरी गाउँका विद्यार्थीलाई छात्रवृत्ति दिइने बताइन् । कार्यक्रममा वक्ताहरुले आफ्नो नियमित कमाइको सानो हिस्सा सामाजिक सेवामा लगानी गर्दा एकअर्कामा सहयोगी समेत हुने विश्वास व्यक्त गरे । गतवर्ष थाहा-११ र १२ का १ सय ३० विद्यार्थीलाई न्यानो पोशाक वितरण गरिएको थियो ।

# राक्सिराङमा वन ऐन र अधिकारबारे छलफल

साझाकुरा संवाददाता

हेटौंडा, १९ पुस/ राक्सिराङ गाउँपालिकाले निर्माण गरेको स्थानीय वन ऐन र सामुदायिक वन अधिकार, पहिचान तथा महत्वबारे छलफल गरिएको छ ।

सामुदायिक वन उपभोक्ता महासंघ (फेकोफन) मकवानपुरले एक कार्यक्रमको आयोजना गरी स्थानीय वन ऐनले समेटेको र छुटाएको विभिन्न बिषयबारे चर्चा गरेको हो । स्थानीय वन ऐनमा भएको ब्यवस्था र सामुदायिक वनको आवश्यकताबारे महासंघ मकवानपुरका कोषाध्यक्ष बलराम अधिकारीले सहजीकरण गरेका थिए । सिद्धार्थ हरियाली सामुदायिक वनका अध्यक्ष ज्ञानेन्द्र तामाङ, भ्याङकाली सामुदायिक वनका अध्यक्ष केशव भारतीलगायतले सामुदायिक वनको समस्या, चुनौती र पालिकाले खेल्नुपर्ने भूमिकाबारे धारणा राखेका थिए ।

गाउँपालिका अध्यक्ष राजकुमार मल्लले स्थानीय वन ऐन



आवश्यकता अनुसार संसोधन गरिने बताए । राक्सिराङमा ६५ प्रतिशत वनक्षेत्र रहेको बताउँदै वनको संरक्षण, ब्यवस्थापन र सदुपयोग गर्नुपर्नेमा उनले जोड दिए । विकास निर्माणको क्रममा हुने क्षति न्यूनीकरण गरिने र बृक्षरोपणलाई अभियानका रुपमा सञ्चालन गरिने उनले बताए । वनसँग सम्बन्धित पर्यापर्यटनबाट समुदायको आर्थिकस्तर सुधार हुनसक्ने बताउँदै सामुदायिक वनले पर्यापर्यटनको गतिविधिलाई तीव्र बनाउनुपर्ने उनको धारणा छ ।

प्राकृतिक उत्पादनलाई व्यावसायिकरण गर्नसके जनतासँगै गाउँपालिकाको पनि आम्दानी वृद्धि हुने उनले बताए । कार्यक्रममा वडाअध्यक्ष बाबीराम मोक्तान, कार्यपालिका सदस्य सजिता मुक्तान, टिएफ परियोजनाका सहजकर्ता सुसन बिश्वकर्मालगायतले धारणा व्यक्त गरेका थिए । सामुदायिक वन उपभोक्ता महासंघ मकवानपुरका अध्यक्ष साधुराम चौलागाईको सभाध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

# खहरे नियन्त्रणका लागि तटबन्ध निर्माण

साझाकुरा संवाददाता

हेटौंडा, १९ पुस/हेटौंडा उपमहानगरपालिका-७ मा नागस्वती-शान्तिटोल खहरे नियन्त्रणका लागि तटबन्ध निर्माण थालिएको छ ।

राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिको २० लाख रुपैयाँ बजेटमार्फत् तटबन्ध निर्माण थालिएको हो ।

निर्माणकार्यको हेटौंडा-७ का वडाध्यक्ष दामोदर गौतमले शिलान्यास गरेका छन् । कार्यक्रममा बोल्दै अध्यक्ष गौतमले समयमै गुणस्तरीय काम गर्न सबैको ध्यान जानुपर्नेमा जोड दिए ।

शिलान्यास कार्यक्रम उपभोक्ता समितिका अध्यक्ष राजेश गौतम, स्थानीय केदार गौतम, चन्द्रशेखर गौतम, कृष्ण घिमिरे, श्रीकृष्ण तामाङ, लव तामाङ, राधेश्याम बस्नेत, ललिता अमात्य, अनिता बजगाईलगायतको उपस्थिति रहेको थियो ।

# सोलिड्यारिटीको नि:शुल्क भर्ना अभियान

साझाकुरा संवाददाता

हेटौंडा, १९ पुस/हेटौंडा उपमहानगरपालिका-१०, स्थित सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी विद्यालयले आफ्नो स्थापना दिवसको अवसरमा पुस मसान्तसम्म प्ले ग्रुप र नर्सरी कक्षामा निशुल्क भर्ना अभियान चलाएको छ ।

विगत तीन वर्षदेखि सुरु भएको अभियान यसवर्ष पनि कायमै रहेको विद्यालयको प्रिन्सिपल रीना आचार्यले जानकारी दिएकी छन् । विद्यालयले बिहीबार ३१ औं स्थापना दिवस मनाएको छ । 'पुस १९



गतेदेखि पुस २९ गतेसम्म प्ले ग्रुप र नर्सरीमा भर्ना गर्नुभएका विद्यार्थीलाई नि:शुल्क व्यवस्था गरेका छौं ।', विद्यालयका प्रिन्सिपल आचार्यले भनिन्, 'विद्यालयको स्थापना दिवसको अवसरमा नि:शुल्क भर्ना अभियान सञ्चालन गरेका हौं ।', गतवर्ष प्ले ग्रुप र नर्सरीमा ५० जना विद्यार्थीले नि:शुल्क भर्ना गरेको विद्यालयले जनाएको छ ।

गतवर्षबाट सोलिड्यारिटी इन्टरनेशनल विद्यालयले कक्षा ११ र १२ मा वाणिज्य संकाय र होटल म्यानेजमेन्ट संकायमा अध्यापन गर्दै आइरहेको छ । विद्यालयमा करिव १ हजार ६ सय विद्यार्थी अध्ययनरत रहेको विद्यालयकी प्रिसिन्पल आचार्यले जानकारी दिइन् ।

# मारवाडी युवामञ्चद्वारा कम्प्युटर सहयोग



साझाकुरा संवाददाता

हेटौंडा, १९ पुस/ मारवाडी युवामञ्च हेटौंडाले हेटौंडा उपमहानगरपालिका-१४ मा रहेको दीपज्योति आधारभूत विद्यालयमा कम्प्युटर सहयोग गरेको छ ।

बुधबार विद्यालयमा एक कार्यक्रमबीच मञ्चका अध्यक्ष सशांकराज चनानीले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरिकृष्ण थिङलाई कम्प्युटर हस्तान्तरण गरेका हुन् । विद्यालयका विद्यार्थीको कम्प्युटर अध्ययनका लागि सहज होस् भन्ने हिसाबले मञ्चले कम्प्युटर सहयोग गरिएको मञ्चका सचिव सुशान्तराज चनानीले जानकारी दिए ।

कम्प्युटर हस्तान्तरण कार्यक्रममा हेटौंडा-१४ का अध्यक्ष श्यामकुमार भ्लोनको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा शिशिर बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष मनोज तामाङलगायत विद्यालयका शिक्षक तथा विद्यार्थीको सहभागिता रहेको थियो । मञ्चका उपाध्यक्ष रामकुमार अग्रवालले कार्यक्रम संयोजन गरेका थिए ।

# बागमतीमा निर्वाचन अधिकृत फेरिए, सञ्जेल नियुक्त

साझाकुरा संवाददाता

हेटौंडा, १९ पुस/ निर्वाचन आयोगले निर्वाचन अधिकृतहरु परिवर्तन गरेको छ । बुधबारको न्याय परिषद् बैठकको निर्णयका आधारमा जिल्ला अदालतका केही न्यायधीशहरु उच्चअदालतमा नियुक्त भएसँगै आयोगले आफ्नो पूर्वनिर्णय परिवर्तन गरेको हो ।

माघ ११ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचनका लागि गत पुस १२ गते आयोगले सातवटै प्रदेशमा निर्वाचन अधिकृत नियुक्त गरेको थियो । बागमती प्रदेशको निर्वाचन अधिकृत तोकिएका महेन्द्रबहादुर कार्कीले पनि स्वास्थ्य समस्याका कारण देखाउँदै निर्वाचन अधिकृतको पदमा रही काम गर्न असमर्थ भएको निवेदन पेस गरेका छन् । कार्की हटेपछि अर्का निर्वाचन अधिकृत परिवर्तन गरिएको निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए । बागमती प्रदेशको निर्वाचन अधिकृतमा श्रीप्रसाद सञ्जेल तोकिएका छन् ।

आयोगले कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको पत्र अनुसार जगेडा सूचीमा रहेका जिल्ला न्यायधीशहरुलाई राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ७ बमोजिम निर्वाचन अधिकृतको पदमा नियुक्त गरिएको जनाएको छ । जसअनुसार कोशी प्रदेशमा विष्णुप्रसाद गौतम, मधेश प्रदेशमा चित्रबहादुर गुरुङ, बागमती प्रदेशमा श्रीप्रसाद सन्जेल, गण्डकी प्रदेशमा ऋषिराज आचार्य, लुम्बिनी प्रदेशमा कुलप्रसाद पाण्डे, कर्णाली प्रदेशमा मनोज श्रेष्ठ र सुदूरपश्चिम प्रदेशमा विष्णुप्रसाद अवस्थी नियुक्त भएका छन् ।

# थाहामा लायन्स क्लव पिस र मलेखु टाउनको पदस्थापना

साझाकुरा संवाददाता

हेटौंडा, १९ पुस/थाहा नगरपालिकामा स्थानीय लायन्स क्लव अफ पिस थाहा र धादिङको लायन्स क्लव अफ धादिङ मलेखु टाउनको पदस्थापन कार्यक्रम भएको छ ।

पालुङ शिखरकोटमा दुबै लायन्सको लायन वर्ष २०२३/२४ को लागि निर्वाचित पदाधिकारीको विहिवार पदस्थापन गरिएको हो । लायन्स क्लव अफ पिस थाहाका वर्ष २०२३/०२४ का लागि निर्वाचित अध्यक्ष गीता कार्कीलाई निवर्तमान अध्यक्ष जयराम खत्रीले पद हस्तान्तरण गरेका थिए । लायन्स क्लव अफ मलेखु टाउनका लायन वर्ष २०२२/२३ का अध्यक्ष अजय त्रीपाठीले लायन वर्ष २०२३/२४ का अध्यक्ष ठन्डराज सिलवाललाई पद हस्तान्तरण गरेका हुन् । पदभार ग्रहण गर्दै पिस थाहाका अध्यक्ष कार्कीले क्लबलाई सृजनशील ढंगले




अगाडि बढाएर समाजमा पृथक पहिचान दिलाउने बताइन् ।

लायन्स पिस थाहाको निर्वतमान अध्यक्ष खत्रीको सभाध्यक्षतामा सम्पन्न पदस्थापना कार्यक्रममा प्रमुख अतिथि लायन्स क्लव अन्तर्राष्ट्रिय ३२५ एमका गभर्नर पिएमजिएफ भीमलाल पौडेल तथा विशिष्ट अतिथि थाहा नगर उपप्रमुख भरत गोपाली थिए । कार्यक्रममा सेकेन्ड भिडिजी धनिराम बराल, पिएमसिसी गिरीधारी शर्मा, प्रोइनचिफ दीपक खरेल, डिष्ट्रिक चिफ गीता शर्मा, काठमाडौं आरम्भ देउरालीका अध्यक्ष पूर्णीमाया शर्मा, पूर्वअध्यक्षहरु कल्पना घिमिरे, शान्ता पाण्डे, दुर्गा केसी, प्रथम उपाध्यक्ष यामकुमारी रानाभाट, द्वितीय उपाध्यक्ष भगवती सापकोटा, लायन्स क्लव अफ पिस थाहाका संस्थापक अध्यक्ष सुरेन्द्रमान प्रधान, थाहानगर उद्योग वाणिज्य संघका अध्यक्ष पुरुषोत्तम ढकालगायतको आतिथ्यता थियो ।

हेटौंडामै उत्पादित

सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना